"कृषि पर्यटन र व्यापार, सुरक्षित समृद्ध नगरको आधार"

# चैनपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चैनपुर, संखुवासभा

स्थापना: २०७३

कोशी प्रदेश , नेपाल

मिति: २०८२/१२/२३

ने.स. ११४६ चौलागा ४ सोमवार

चैनपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चैनपुर, सङ्खुवासभा कोशी प्रदेश, नेपाल स्था: २०७३

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/१२/२३ गते सोमवार

यस चैनपुर नगरपालिका र नगरपालिका अन्तर्गत चैनपुर नगर अस्पतालका लागि तपसिल बमोजिम कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक स्थानीय नागरिकले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त आवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं. | पद, तह | माग संख्या | परीक्षाको किसिम | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | ७/०८२-०८३ | मेडिकल अधिकृत, अधिकृतस्तर आठौं | १ | लिखित परीक्षा र अन्तर्वार्ता | रु. १५००/- |
| २ | ८/०८२-०८३ | रेडियोग्राफर, सहायक पाँचौं | १ | | रु. ७००/- |
| ३ | ९/०८२-०८३ | कार्यालय सहयोगी, श्रेणी विहीन प्रथम स्तर | २ | | रु. ३००/- |
| ४ | १०/०८२-०८३ | सरसफाईकर्मी, श्रेणी विहीन प्रथम स्तर | १ | | रु. ३००/- |

१. **दरखास्त दिने स्थानः** चैनपुर नगर कार्यपालिकाको कार्यालय, चैनपुर, संखुवासभा ।

२. **दरखास्त दिने अन्तिम मितिः** २०८३ साल वैशाख ७ गते सोमवार कार्यालय समय भित्र ।

३. **दरखास्त दस्तुरः** नगरपालिकाको राजस्व शाखामा दरखास्त दस्तुर जम्मा गरी भौचर आवेदन फाराम साथ पेश गर्नुपर्नेछ ।

४. **परीक्षाको किसिमः** लिखित परीक्षा र अन्तर्वार्ता ।

५. **आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

क. **मेडिकल अधिकृत, अधिकृतस्तर आठौं:** मान्यताप्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस वा सो सरह उपाधि प्राप्त गरी सम्बन्धित व्यवसायी परिषदमा नाम दर्ता तथा नवीकरण भएको ।

ख. **रेडियोग्राफर, सहायक पाँचौं:** मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफि विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित व्यवसायी परिषदमा नाम दर्ता तथा नवीकरण भएको ।

ग. **कार्यालय सहयोगी, श्रेणी विहीन प्रथम स्तरः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा माध्यमिक शिक्षा परीक्षा (एस.इ.इ.) वा सो सरह उत्तीर्ण ।

घ. **सरसफाईकर्मी, श्रेणी विहीन प्रथम स्तरः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा माध्यमिक शिक्षा परीक्षा (एस.इ.इ.) वा सो सरह उत्तीर्ण साथै पोस्टमार्टमका लागि शव चिरफार गर्न सक्ने ।

**नोटः ग्रेडिङ प्रणाली लागू भए पश्चातको प्रवेशिका परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारको हकमा GPA २ वा सो भन्दा बढी ग्रेड प्वाइन्ट प्राप्त गरेकोलाई सम्बन्धित शैक्षिक योग्यता हासिल गरेको मानिनेछ ।**

६. **उमेर हदः** दरखास्त दिने अन्तिम मितिसम्म वि.नं. ०७/२०८२-८३ को हकमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको, वि.नं. ०८/२०८२-८३को हकमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको, वि.नं. ०९/२०८२-८३ र १०/२०८२-०८३ को हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको(महिलाको हकमा ४० वर्ष ननाघेको)।

७. **लिखित परीक्षाको पाठ्यक्रमः**

"कृषि पर्यटन र व्यापार, सुरक्षित समृद्ध नगरको आधार"

# चैनपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चैनपुर, संखुवासभा
स्थापना: २०७३

कोशी प्रदेश , नेपाल
मिति: २०८२/१२/२३
ने.स. ११४६ चौलागा ४ सोमवार

क. **मेडिकल अधिकृत, अधिकृतस्तर आठौं:** प्रदेश लोकसेवा आयोग, कोशी प्रदेश, विराटनगरको प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेज समूह अधिकृतस्तर आठौं तह वा सो सरह पदको प्रथम चरणको प्रथम पत्रको ५० वटा वस्तुगत बहु वैकल्पिक प्रश्न(MCQ)

ख. **रेडियोग्राफर, सहायक पाँचौं:** प्रदेश लोकसेवा आयोग, कोशी प्रदेश, विराटनगरको प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत स्वास्थ्य सेवा, रेडियोग्राफि समूह, सहायक पाँचौं तहको वा सो सरह पदको प्रथम चरणको प्रथम पत्रको ५० वटा वस्तुगत बहु वैकल्पिक प्रश्न(MCQ)

ग. **कार्यालय सहयोगी, श्रेणी विहीन प्रथम स्तर:** चैनपुर नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन)कार्यविधि, २०८२ बमोजिम पदपूर्ति समितिबाट तयार गरिएको पाठ्यक्रम चैनपुर नगरपालिकाको वेभसाइटबाटमा हेर्न सकिनेछ तथा प्रशासन शाखाबाट उपलब्ध गराइनेछ।

घ. **सरसफाईकर्मी, श्रेणी विहीन प्रथम स्तर:** चैनपुर नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन)कार्यविधि, २०८२ बमोजिम पदपूर्ति समितिबाट तयार गरिएको पाठ्यक्रम चैनपुर नगरपालिकाको वेभसाइटबाटमा हेर्न सकिनेछ तथा प्रशासन शाखाबाट उपलब्ध गराइनेछ।

८. **परीक्षा मिति:** पछि प्रकाशन गरिनेछ ।

९. **पारिश्रमिक तथा कार्यविवरण:** नगरपालिकाले सेवा करार सम्झौतामा तोके बमोजिम हुनेछ ।

१०. **दरखास्त फाराम साथ पेश गर्नुपर्ने कागजातहरू:** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिमका प्रतिलिपिहरू नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, तोकिएको न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित पदका लागि व्यवसायी परिषदमा नाम दर्ता तथा नवीकरण भएको प्रमाणपत्र, चैनपुर नगरपालिका र संखवासभा जिल्लाका अन्य पालिका स्थायी ठेगाना रहेको प्रमाणको लागि महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि, कार्य अनुभव खुल्ने कागजातहरू र पासपोर्ट साइजको फोटो-२ प्रति ।

११. **काम गर्नुपर्ने स्थान:** वि.नं. ७/२०८२-०८३, ८/२०८२-०८३, १०/२०८२-०८३ को हकमा चैनपुर नगर अस्पताल र कार्यालय सहयोगीको हकमा २ नं र ८ नं. वडा कार्यालय वा नगरपालिकाले तोके बमोजिम।

प्रमुख प्रशासकीय अधिकृत